NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

मितिः २०८१/०९/१९

प.लि.नं.: १–२०४०/०४१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
शान्तिमार्ग, भद्रकाली
काठमाडौं ।

विषयः ४० औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०८१/०८/२७ मा सम्पन्न ४० औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

संलग्नः
१. ४० औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
977-1-4227181, 4221718 977-1-4226905 info@nabilbank.com www.nabilbank.com NARBNPKA

# नबिल बैंक लिमिटेडको
# ४०औं (चालीसौं) वार्षिक साधारण सभाको
# काम-कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ४०औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ साल मंसिर २७ गते, बिहीबार (१२ डिसेम्बर २०२४) ।

स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनीमार्ग, काठमाडौं ।

समय : बिहान १०:०० बजे प्रारम्भ भई दिउँसो ०२:०० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ४०औं वार्षिक साधारण सभाको सूचना तथा बैंकको आ.व. २०८०/०८१ संक्षिप्त वित्तीय विवरण मिति २०८१ साल मंसिर ३ गतेको नयाँ पत्रिका" राष्ट्रिय दैनिक र २०८१ साल मंसिर ७ गतेको आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यसैगरी उल्लिखित साधारणसभाको सूचनामा प्रकाशित QR Code लाई स्क्यान गरेर बैंकको वार्षिक प्रतिवेदन सजिलै डाउनलोड गर्न सकिने व्यवस्था समेत गरिएको थियो । साथै, आवश्यकता अनुसार उक्त सूचना सहितको बैंकको वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने विषयहरु शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा पनि पठाइएको थियो ।

४. छलफलको विषय :

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको प्रतिवेदन २०८०/८१ पारित गर्ने,
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने,
३. यस बैंकका सहायक कम्पनीहरु "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड" र "नबिल स्टक डिलर लिमिटेड" को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १०% (कर सहित) का दरले हुन आउने २ अर्ब ७० करोड ५६ लाख ९९ हजार ६ सय ७२ रूपैयाँ ९३ पैसा बराबर नगद लाभांश स्वीकृत गर्ने,
५. आ.व. २०८१/८२ (सन् २०२४/२५) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,
६. बैंकको विदेशी संस्थापक शेयरधनी श्री आईएफआईसी बैंक पीएलसी, बंगलादेशको तर्फबाट मनोनित श्री सइद मन्सुर मुस्तफालाई सञ्चालकमा नियुक्त गर्ने बैंकको सञ्चालक समितिले गरेको निर्णयलाई स्वीकृत गरी अनुमोदन गर्ने र सर्वसाधारण शेयरधनीहरूका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. बैंकको नियमावलीको नियम ३१(२) र ३१(४) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक

परिमार्जन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने,

२. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

३. आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च रू.५,०४,२८,९६९/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

(ग) <u>विविध</u> :

५. उपस्थिति :

५.१ सञ्चालकहरू :

| | | | |
|---|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : | अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : | सञ्चालक |
| ३. | श्री मलय मुखर्जी | : | सञ्चालक |
| ४. | श्री अनन्त पौड्याल | : | सञ्चालक |
| ५. | श्री प्रविन टिवडेवाला | : | सञ्चालक |
| ६. | श्री सईद मन्सुर मुस्तफा | : | सञ्चालक |

५.२ व्यवस्थापन पदाधिकारी :

| | | | |
|---|---|---|---|
| १. | श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गाना | : | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुजित कुमार शाक्य | : | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री मनोज कुमार ज्ञवाली | : | नायब प्रमुख कार्यकारी अधिकृत |

४. श्री भुपेन्द्र पाण्डे : नायब प्रमुख कार्यकारी अधिकृत
५. श्री आदर्श बजगाई : नायब महाप्रबन्धक
६. श्री गणेश प्रसाद अवस्थी : नायब महाप्रबन्धक
७. श्री ज्ञानेन्द्र प्रताप शाह : नायब महाप्रबन्धक
८. श्री सुबोध लोहनी : प्रमुख- आन्तरिक लेखापरीक्षण विभाग
९. श्री विश्वप्रकाश पौडेल : कम्पनी सचिव

५.३ अन्य :

१. श्री अर्जुन खड्का (सहायक रजिष्ट्रार) : पर्यवेक्षक- कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री नवीन कुमार भट्टराई : पर्यवेक्षक- कम्पनी रजिष्ट्रारको कार्यालय
३. श्री ज्ञानेन्द्र बहादुर भारी : बाह्य लेखापरीक्षक- साझेदार, BRS Neupane & Co., Chartered Accountants
४. श्री सुदर्शन राज पाण्डे : आन्तरिक लेखापरीक्षक – साझेदार, S.R. Pandey & Co., Chartered Accountants
५. अधिवक्ता वासुदेव रिजाल : निर्वाचन अधिकृत

५.४ शेयरधनीहरूको उपस्थिति :

| उपस्थितिको विवरण | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रूपमा उपस्थित | २०६७ | ४८,१८,८८५ |
| प्रतिनिधि मार्फत् | ७ | १४,८७,९३,७३२ |
| जम्मा | २०७४ | १५,३६,१२,६१७ |

६. गणपूरक संख्या :

| जम्मा शेयर संख्या | स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधिपत्र मार्फत् प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क)+(ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २७०,५६९,९६७२९ | ४८,१८,८८५ | १४,८७,९३,७३२ | १५,३६,१२,६१७ | ५६.७७% |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता :**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ४०औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या २०७४ रहेको र कुल शेयरको ५६.७७% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनुभयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरू सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात् उपस्थित सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनुभयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको ४०औं वार्षिक साधारण सभालाई औपचारिक रूपमा सुरू गर्नका लागि मञ्चको अगाडि रहेको पानसमा बत्ती बालेर शुभारम्भ गर्नका लागि अध्यक्ष उपेन्द्र प्रसाद पौडेललाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

७.४ अध्यक्षज्यूबाट औपचारिक रूपमा सभाको शुभारम्भ भए पश्चात् ४०औं साधारणसभामा उपस्थित सेयरधनी लगायत सम्पूर्ण महानुभावहरूलाई बैंकका तर्फबाट स्वागत मन्तव्य राख्नका लागि प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुङ्गानालाई कम्पनी सचिवले अनुरोध गर्नुभयो । प्रमुख कार्यकारी अधिकृतले साधारण सभामा उपस्थित सबैलाई स्वागत गर्दै आफ्नो सङ्क्षिप्त मन्तव्य व्यक्त गर्नुभयो ।

८. ४०औं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाका अध्यक्षले औपचारिक रूपमा साधारण सभा शुरू भएको घोषणा गर्दै पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व.२०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन साधारणसभामा पढेर सुनाउनु भयो । सर्वप्रथम अध्यक्षज्यूले शेयरधनी लगायत सभामा उपस्थित सम्पुर्ण महानुभावहरूलाई स्वागत गर्नुभयो । गत आर्थिक वर्षको तुलनामा बैंकको निक्षेप दायित्वमा रू ६६ अर्ब १० करोड अर्थात् १६.४१ प्रतिशतले वृद्धि भई रू ४ खर्ब ६८ अर्ब ७९ करोड पुगेको र कर्जा तथा सापटी रू ४६ अर्ब ३२ करोड अर्थात् १३.६५ प्रतिशत वृद्धि भई रू ३ खर्ब ८५ अर्ब ७२ करोड पुगेको जानकारी गराउनुभयो । सोही अवधिमा खुद मुनाफा रू २०.७८ करोड अर्थात् ३.२४ प्रतिशत ले संकुचित भई रू ६ अर्ब २० करोड पुगेको अवगत गराउनुभयो । निष्कृय कर्जामा भएको वृद्धिसँगै खुद ब्याज आम्दानीमा भएको ८.०७ प्रतिशतको ह्रास खुद मुनाफामा आएको संकुचनको मुख्य कारण भएको र आ.व २०७९/८० को मर्जर बापत्को नियामकीय छुट सरह पाएको अधिकतम ५ प्रतिशत ब्याजदर अन्तरको तुलनामा आ.व २०८०/८१ मा अधिकतम ४ प्रतिशत कायम भएकोले खुद ब्याज आम्दानीमा ह्रास आएको अध्यक्षले सभामा जानकारी गराउनुभयो । यस अवधिमा बैंकको लगानी २९.८१ प्रतिशतले वृद्धि भई रू १ खर्ब १९ अर्ब ११ करोड पुगेको र यसले यथेष्ट तरलता कायम गर्नुपर्ने आवश्यकता प्रति संवेदनशील भई बैंकको जोखिमबहन क्षमतालाई सुदृढ गर्ने तर्फ उच्चतम प्राथमिकता दिएको जानकारी दिनुभयो । पूंजी बजारमा देखिएको उतारचढावका बाबजुद पनि बैंकको प्रति शेयर मूल्य आषाढ मसान्त २०८० मा रू.५९९.२० तथा आषाढ मसान्त २०८१ मा रू.५२४.०० रहेकाले बजार पूँजीकरण सामान्य रुपले घटेको बताउनुभयो । समग्रमा आ.व. २०८०/८१ मा वासलातको आकार १५.७६ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ५७ अर्ब २ करोड पुगेको र बैंकको कूल पूंजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकद्वारा निर्देशित ११.५ प्रतिशतभन्दा ०.७४

प्रतिशतले बढी रहेकाले गर्दा बैंकलाई आगामी दिनहरुमा थप व्यवसाय विस्तार गर्न आवश्यक पूंजी उपलब्ध भएको र अन्य वित्तीय सूचकहरु पनि सन्तोषजनक रहेको उहाँले सभा समक्ष जानकारी गराउनुभयो । उहाँले समीक्षा वर्ष २०८०/८१ मा बैंकले रू. ६ अर्ब २० करोड खुद मुनाफा आर्जन गरेको र सो मुनाफा अधिल्लो वर्षको तुलनामा ३.२४ प्रतिशतले कम भएको जानकारी गराउनुभयो। समीक्षा वर्षमा, व्यावसायिक कार्यदक्षता सहित उचित वित्तीय व्यवस्थापनको परिणाम स्वरूप बैंकले आरुफ्नो वासलातमा उल्लेख्य वृद्धि गरेको र समीक्षा वर्षको खुद मुनाफाबाट विभिन्न जगेडा कोषहरुमा आवश्यक व्यवस्था गरेपछि सञ्चित मुनाफा मार्फत् रू. १०.०० प्रति शेयरका दरले नगद लाभांश बाँड्ने प्रस्ताव गरिएको जानकारी गराउनुभयो । लाभांश वितरण गर्ने क्षमतामा ह्रास आउनुको मुख्य कारण भनेको चुक्ता पूंजीमा भएको वृद्धिसँगै पछिल्ला वर्षहरुमा समग्र अर्थतन्त्रमा देखिएको मन्दिका कारण व्यापार व्यवसायमा आएको संकुचनले गर्दा ग्राहकवर्गहरुको ऋण चुक्ता गर्न सक्ने क्षमतामा आएको ह्रास नै मुख्य कारण भएको अवगत सभालाई गराउनुभयो । साथै, यस वर्ष व्यवस्था गर्नुपरेको सम्भावित नोक्सानी व्यवस्था आगामि दिनहरुमा हुने अर्थतन्त्रको सुद्बढीकरणसँगै फिर्ता हुने र भविष्यमा लाभांश वितरण गर्न सक्ने क्षमतामा वृद्धि गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । विगतका वर्षहरुमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरुले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूंजी हालसम्म आउदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएको अध्यक्ष पौडेलले साधारण सभामा जानकारी गराउनुभयो ।

**९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरू :**

९.१ तत् पश्चात् बैंकको आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण

विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनुहुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभयो ।
सभामा देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा देहाय अनुसारका प्रश्न तथा सुझावहरू व्यक्त गर्नुभएको थियो :

**९.२ छलफलमा सहभागी भई सुझाव दिनुहुने शेयरधनी महानुभावहरूको नाम:**

१. श्री लक्ष्मी बहादुर श्रेष्ठ
२. श्री शत्रुघन श्रेष्ठ
३. श्री लवराज जोशी
४. मेजर कुवेर बहादुर श्रेष्ठ
५. श्री उत्तम दत्त पाण्डे
६. श्री ध्रुवराज न्यौपाने
७. श्री व्यास कुमार शर्मा
८. श्री चन्द्र नारायण श्रेष्ठ
९. श्री भक्ति प्रसाद उप्रेती
१०. श्री गुणराज भट्ट
११. श्री सुदिप श्रेष्ठ
१२. श्री ब्रहमदेव शाक्य
१३. श्री जयन्द्रमान सिंह बानियाँ
१४. श्री निरूपमा गुप्ता
१५. श्री जीवन लाल बज्राचार्य
१६. श्री बैजुनाथ रौनियार
१७. श्री तारानाथ सुवेदी

**लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरू:**

१८. श्री कृष्ण प्रसाद अधिकारी
१९. श्री जगन्नाथ आचार्य

२०. श्री दिवाकर खड्का
२१. श्री लक्ष्मण बहादुर श्रेष्ठ
२२. श्री गोगन बहादुर पराजुली क्षत्री

**१०. छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

- नबिल बैंकसँग गाभिएपछि नेपाल बङ्गलादेश बैंकको संस्थापक शेयरधनीका रूपमा आफूलाई अझ सबल बैंकको शेयरधनी बनेकोमा खुशी लागेको धारणा व्यक्त गर्नुभयो ।
- यस वर्ष १०% नगद लाभांश प्राप्त भएकोमा खुशी व्यक्त गर्दै नबिल बैंकको विगतलाई मनन गर्दा भविष्यमा लाभांश अझै वृद्धि हुनेछ भन्ने आशा व्यक्त गर्नुभयो ।
- नबिल बैंकको सञ्चालक समितिमा युवा र अनुभवी सञ्चालकहरूको मिश्रण रहेको र व्यवस्थापन टिम पनि सक्षम रहेको विचार व्यक्त गर्नुभयो ।
- नबिल बैंकले निजी क्षेत्रका बैंकहरूमध्ये दीगो बैंकिङ र उत्कृष्ट सेवा दिने बैंकका रूपमा विगत ४० वर्षदेखिको आफ्नो शाखलाई कायम राखेको धारणा प्रस्तुत गर्नुभयो ।
- डिजिटल बैंकिङ सेवामा केन्द्रित भएकोमा खुशी व्यक्त गर्नुभयो ।
- यस वर्ष सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मानित भएकोमा बधाई तथा शुभकामना दिनुभयो ।
- कर्जा असुलीमा विशेष ध्यान दिंदै आगामी वर्ष शेयरधनीलाई अझ बढी प्रतिफल दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो ।
- कर्मचारीको वृत्ति विकास र सेवासुविधामा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- मर्जर/एक्विजिसन पश्चात् दुबै बैंकका कर्मचारी र सरोकारवाला पक्षबीच कुनै मनमुटाव र समस्या नआएको तथा सुमधुर सम्बन्ध कायम गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो ।

- बङ्लादेशमा नेपालबाट बिजुली निर्यात भएको प्रसङ्ग प्रस्तुत गर्दै संस्थापक शेयरधनी आईएफआईसी बैंकसँग नबिल बैंकले व्यवसाय विस्तारका लागि सहकार्य गर्न सुझाव दिनुभयो ।
- गैह्र बैंकिङ सम्पत्ति बढ्दै गएको हुँदा त्यसको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।
- खुद मुनाफा बढ्न नसकेकोमा चिन्ता व्यक्त गर्दै त्यसलाई बढाउने तर्फ कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कर्मचारीको उत्पादनशीलता बढाउनुपर्नेमा जोड दिनुभयो ।
- व्यावसायिक सामाजिक उत्तरदायित्वका क्षेत्रमा नबिल बैंकले गरेका कार्यहरूको प्रशंसा गर्नुभयो ।
- बैंकिङ क्षेत्रका लागि हालको परिस्थिति विषम र चुनौतीपूर्ण रहेको विश्लेषण गर्दै non-funded business मा विशेष ध्यान दिनुपर्ने सुझाव पेश गर्नुभयो ।
- Impairment charges बढेको हुँदा त्यसलाई घटाउने तर्फ कार्य गर्न आग्रह गर्नुभयो ।
- अन्य कम्पनीको साधारणसभासँग जुध्न गएकाले आगामी वर्ष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- ऋण असुलीलाई उच्च प्राथमिकता दिँदै मध्यकालीन रणनीति बनाएर NPL लाई २% भन्दा कममा झार्नुपर्ने सुझाव दिनुभयो ।
- अब मर्जर/एक्विजिसनमा नगई ठूलो होइन बलियो बैंक बन्नुपर्छ भन्ने धारणा व्यक्त गर्नुभयो ।
- देशको अर्थतन्त्र खस्किँदै गएको, कर्जाको माग घट्दै गएको र तरलता बढ्दै गएकोले बैंकिङ क्षेत्रका लागि अत्यन्त चुनौतीपूर्ण अवस्था रहेको धारणा प्रस्तुत गर्नुभयो ।
- बैंकले लगानी गरेका जलविद्युत लगायतका मुख्य परियोजनाको फोटो वार्षिक प्रतिवेदनमा छाप्न सुझाव दिनुभयो ।
- बैंकले विदेशी मुद्रा विनिमय बापतको आमदानी बढाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

- बैंकको लाभांश वितरण गर्ने क्षमता ११.३९% हुँदाहुँदै किन १०% मात्र बाँडिएको हो ? भन्ने प्रश्न गर्नुभयो ।
- पूंजी कोषमा विशेष ध्यान दिनुपर्ने र निरन्तर सुधारात्मक कारबाहीहरू गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो ।
- अनुसन्धान र विकास सम्बन्धी छुट्टै विभाग गठन गरेर कार्य गर्न सुझाव दिनुभयो ।
- बैंकको ४० वर्ष प्रवेश भनेको गोरू वर्ष भएकाले सोही अनुसार खटेर काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।
- लेखापरीक्षण बापतको प्रस्तावित शुल्क वृद्धि सम्बन्धमा जिज्ञासा प्रस्तुत गर्नुभयो ।
- सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व हुनुपर्ने सुझाव दिनुभयो ।
- बैंकका पूर्व अध्यक्ष स्वर्गीय शम्भु प्रसाद पौडेलको सम्झना गर्दै उहाँको नाममा पुरस्कारको व्यवस्था गर्न सुझाव दिनुभयो ।
- बैंकले ज्येष्ठ नागरिक तथा शेयरधनीको सम्मानका लागि विशेष कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- नबील बैंकले समयमै साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्दै प्रतिफल बढाउनु पर्ने सुझाव दिनुभयो ।
- प्रतिवेदनमा छाँयाचित्र कम गरी लेखापरीक्षकको प्रतिवेदन पनि नेपालीमा बनाउन सुझाव दिनुभयो ।
- अपलेखित कर्जा असुली बढ्नु राम्रो पक्ष भएको तर कर्जा असुलीको खर्च घटाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।
- जगेडाकोषमा २६।५० अर्ब हुनु, NPA Target level मा हुनु, NII र निक्षेप बढ्दै जानु बैंकका सबल पक्ष हुन् भने बैंकका सहायक कम्पनीहरूबाट भने सन्तोषजनक उपलब्धी भएको पाइएन भन्ने धारणा व्यक्त गर्नुभयो ।

**११. सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको अध्यक्षले दिनु भएको जवाफ :**

शेयरधनी महानुभावहरूले बैंकप्रति दर्शाउनु भएको सद्भाव र आजको साधारणसभामा उत्साहपूर्वक भाग लिएर विभिन्न सुझाव एवं मार्गदर्शन दिनुभएकोमा धन्यवाद ज्ञापन

गर्नुभयो । साथै, साधारणसभामा शेयरधनी महानुभावहरूले उठाउनुभएका विभिन्न विषय तथा जिज्ञासको क्रमश: जवाफ दिनुभयो । निष्कृय कर्जामा भएको वृद्धिसँगै खुद ब्याज आम्दानीमा भएको ८.०७ प्रतिशतको ह्रास खुद मुनाफामा आएको संकुचनको मुख्य कारण भएको र आ.व २०७९/८० को मर्जर बापत्को नियामकीय छुट सरह पाएको अधिकतम ५ प्रतिशत ब्याजदर अन्तरको तुलनामा आ.व २०८०/८१ मा अधिकतम ४ प्रतिशत कायम भएकोले खुद ब्याज आम्दानीमा ह्रास आएको अध्यक्षले सभामा जानकारी गराउनुभयो । यस अवधिमा बैंकको लगानी २९.८१ प्रतिशतले वृद्धि भई रू १ खर्ब १९ अर्ब ११ करोड पुगेको र यसले यथेष्ट तरलता कायम गर्नुपर्ने आवश्यकता प्रति संवेदनशील भई बैंकको जोखिमबहन क्षमतालाई सुदृढ गर्ने तर्फ उच्चतम प्राथमिकता दिएको जानकारी दिनुभयो । पूँजी बजारमा देखिएको उतारचढावका बाबजुद पनि बैंकको प्रति शेयर मूल्य आषाढ मसान्त २०८० मा रू ५९९.२० तथा आषाढ मसान्त २०८१ मा रू ५२४.०० रहेकाले बजार पूँजीकरण सामान्य रुपले घटेको बताउनुभयो । समग्रमा आ.व. २०८०/८१ मा वासलातको आकार १५.७६ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ५७ अर्ब ०२ करोड पुगेको र बैंकको कूल पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकद्वारा निर्देशित ११.५ प्रतिशतभन्दा ०.७४ प्रतिशतले बढी रहेकाले गर्दा बैंकलाई आगामी दिनहरुमा थप व्यवसाय विस्तार गर्न आवश्यक पूँजी उपलब्ध भएको र अन्य वित्तीय सूचकहरु पनि सन्तोषजनक रहेको उहाँले सभा समक्ष जानकारी गराउनुभयो । उहाँले समीक्षा वर्ष २०८०/८१ मा बैंकले रू. ६ अर्ब २० करोड खुद मुनाफा आर्जन गरेको र सो मुनाफा अघिल्लो वर्षको तुलनामा ३.२४ प्रतिशतले कम भएको जानकारी गराउनुभयो। समीक्षा वर्षमा, व्यावसायिक कार्यदक्षता सहित उचित वित्तीय व्यवस्थापनको परिणाम स्वरूप बैंकले आफ्नो वासलातमा उल्लेख्य वृद्धि गरेको र समीक्षा वर्षको खुद मुनाफाबाट विभिन्न जगेडा कोषहरुमा आवश्यक व्यवस्था गरेपछि सञ्चित मुनाफा मार्फत् रू. १०.०० प्रति शेयरका दरले नगद लाभांश बाँड्ने प्रस्ताव गरिएको जानकारी गराउनुभयो । लाभांश वितरण गर्ने क्षमतामा ह्रास आउनुको मुख्य कारण भनेको चुक्ता पूँजीमा भएको वृद्धिसँगै पछिल्ला वर्षहरुमा समग्र अर्थतन्त्रमा देखिएको मन्दिका कारण व्यापार व्यवसायमा आएको

संकुचनले गर्दा ग्राहकवर्गहरुको ऋण चुक्ता गर्न सक्ने क्षमतामा आएको ह्रास नै मुख्य कारण भएको अवगत सभालाई गराउनुभयो । साथै, यस वर्ष व्यवस्था गर्नुपरेको सम्भावित नोक्सानी व्यवस्था आगामि दिनहरुमा हुने अर्थतन्त्रको सुद्धृढीकरणसँगै फिर्ता हुने र भविष्यमा लाभांश वितरण गर्न सक्ने क्षमतामा वृद्धि गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । विगतका वर्षहरुमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरुले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूँजी हालसम्म आउदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएको अध्यक्ष पौडेलले साधारण सभामा जानकारी गराउनुभयो । बैंकले आफ्ना शेयरधनी तथा ज्येष्ठ नागरिकको सदैव सम्मान गर्नेछ भन्दै बैंकका भुतपूर्व अध्यक्ष स्व.श्री शम्भु प्रसाद पौड्यालले आफ्नो कार्यकालमा अनवरत रूपमा क्रियाशील रही यस बैंकको उत्थानमा ठुलो योगदान गर्नुभएको तथ्य स्मरण गर्दै शेयरधनीहरूले भने बमोजिम उहाँको सम्मानस्वरूप उहाँकै नाममा बैंकका कर्मचारीहरूका छोरा/छोरीका लागि छात्रवृति/पुरस्कार शुरू गरिसकेको जानकारी सभामा गराउनुभयो ।

तत् पश्चात् अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गानालाई आफ्ना केही भनाई तथा प्रतिवद्धता भए सभालाई जानकारी गराउन अनुरोध गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गानाले बैंक आफ्ना सम्पूर्ण सरोकारवालाहरूको पहिलो रोजाईको बैंक बन्ने प्रयत्न गरिरहेको जानकारी गराउँदै हाम्रा मूल्य मान्यताहरूलाई कायम राख्दै कार्य सम्पादन गर्न प्रतिवद्ध रहेको बताउनुभयो । शेयरधनीहरूले दिनुभएको हौसला सुझाव ग्रहण गर्दै आगामी दिनमा समेत अझ राम्रो गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले बैंकको कार्य सम्पादनमा कुनै कमी आउन नदिने प्रतिवद्धता व्यक्त गर्दै शेयरधनीहरूले प्राप्त गर्ने प्रतिफलमा कमी आउन नदिने प्रयास गरिने जानकारी गराउनुभयो । हाम्रो दृष्टिकोणलाई आत्मसाथ गर्दै लक्ष्य प्राप्तिका लागि काम गर्न पुरै कर्मचारी समूह तयार रहेको जानकारी गराउँदै आजको साधारण सभामा प्राप्त भएका सम्पूर्ण मार्गदर्शन तथा

सुझाव एवं व्यवस्थापनप्रतिको विश्वासका लागि शेयरधनी महानुभाव, अध्यक्षज्यू, लगायत सम्पूर्ण सञ्चालक समिति प्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

यसै क्रममा अध्यक्षज्यूले अन्य सञ्चालकहरूलाई आफ्ना भनाइ भए सभासमक्ष राखिदिन अनुरोध गर्नुभएकोमा संचालक श्री अनन्त पौड्यालज्यूले सभालाई सम्बोधन गर्दै बैंक संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधि भएको नाताले यस साधारणसभामा उपस्थित भई आफ्नो धारणा, सुझाव व्यक्त गरिदिनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । शेयरधनीको सुझाव, गुनासो तथा प्रश्नहरूलाई टिपोट गरिएको र उचित सुझावहरूलाई सञ्चालक समितिमार्फत कार्यान्वयनमा ल्याईने जानकारी गराउनुभयो । मुनाफा आर्जनमा विगतदेखि नै नबिल बैंक अग्रणी रहँदै आएको र अब उप्रान्त समेत यसलाई कायम राख्ने प्रयासमा बैंक लागिरहेको सभासमक्ष जानकारी गराउनुभयो ।
त्यसैगरी अर्का सञ्चालक श्री प्रवीन टिवडेवालाले आजको साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी लगायत सरोकारवालालाई धन्यवाद ज्ञापन गर्दै संस्थागत सामाजिक उत्तरदायित्व तथा दीगो विकास तर्फ बैंकले विशेष ध्यान दिइरहेको जानकारी गराउनुभयो । यसमा संचालक समितिका अध्यक्षज्यूले विशेष ध्यान केन्द्रीत गरी सबैलाई मार्गदर्शन गर्दै आउनुभएको अवगत समेत सभामा गराउनुभयो । शेयरधनी महानुभावहरूले शेयरबजारमा बैंकहरूमध्ये नबिल बैंकको विश्वसनीयतालाई कायम राख्न पुऱ्याउनुभएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।
मन्तव्यकै क्रममा आईएफआईसी बैंक पीएलसीका तर्फबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री सईद मन्सुर मुस्तफाले धन्यवाद ज्ञापन गर्दै बंगलादेशकै ठूला मध्येको एक बैंकको प्रबन्ध सञ्चालक समेत भएको हैसियतले आफू नबिल बैंक र आईएपआईसी बैंकबीचमा परस्पर सहकार्य गर्न तत्पर रहेको बताउनुभयो । दुबै देशका अग्रणी बैंकहरूबीचको परस्पर सम्बन्ध, आदानप्रदान र सहकार्यबाट सबै पक्ष लाभान्वित हुने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो ।

१२. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

१. **सञ्चालक समितिको प्रतिवेदन २०८०/८१ पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट प्रतिवेदन पारित गर्‍यो ।

२. **लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. **यस बैंकका सहायक कम्पनीहरू "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड" र "नबिल स्टक डिलर लि." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।**

बैंकका सहायक कम्पनीहरू "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि." र "नबिल स्टक डिलर लि." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १०% (कर सहित) का दरले हुन आउने २ अर्ब ७० करोड ५६ लाख ९९ हजार ६ सय ७२ रूपैयाँ ९३ पैसा बराबर नगद लाभांश स्वीकृत गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १०% (कर सहित) का दरले हुन आउने २ अर्ब ७० करोड ५६ लाख ९९ हजार ६ सय ७२ रूपैयाँ ९३ पैसा बराबर नगद लाभांश वितरण गर्ने स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गऱ्यो ।

५. **आ.व. २०८१/८२ (सन् २०२४/०२५) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार आ.व. २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिस बमोजिम एफसिए श्री ज्ञानेन्द्र बहादुर भारी, साझेदार, B.R.S. Neupane and Associates, Chartered Accountants लाई लेखापरीक्षकमा पुन: नियुक्त गर्न र पारिश्रमिक स्वरूप रू. ४४ लाख १२ हजार ६ सय ५० (मुल्य अभिवृद्धि कर सहित) निर्धारण गरी सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

६. **बैंकको विदेशी संस्थापक शेयरधनी श्री आईएफआईसी बैंक पीएलसी, बंगलादेशको तर्फबाट मनोनित श्री सइद मन्सुर मुस्तफालाई सञ्चालकमा नियुक्त गर्ने बैंकको सञ्चालक समितिले गरेको निर्णयलाई स्वीकृत गरी अनुमोदन गर्ने र सर्वसाधारण शेयरधनीहरूका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन गर्ने ।**

सभाका अध्यक्षले बैंकको विदेशी संस्थापक शेयरधनी श्री आईएफआईसी बैंक पीएलसी, बंगलादेशको तर्फबाट मनोनित श्री सईद मन्सुर मुस्तफालाई सञ्चालकमा नियुक्त गर्ने बैंकको सञ्चालक समितिले गरेको निर्णयलाई स्वीकृत गरी अनुमोदन गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गऱ्यो ।

तत् पश्चात् उहाँले बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचनका सम्बन्धमा आवश्यक जानकारी गराइदिन निर्वाचन अधिकृत अधिवक्ता वासुदेव रिजालज्यूलाई अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धमा प्रकाशित निर्वाचन तालिका बमोजिम सम्पन्न भएका विभिन्न कार्यहरूको विस्तृत जानकारी दिँदै उम्मेद्वारी मनोनयनका लागि निर्धारित समयावधिभित्र सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्दै श्री अनन्त पौड्याल र श्री प्रविन टिवडेवाला बाहेक अन्य कसैको पनि उम्मेदवारी नपरेकाले उहाँहरू निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित श्री पौडेल तथा श्री टिवडेवालालाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकहरूलाई सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृत तथा सभामा उपस्थित सबैले बधाई ज्ञापन एवं स्वागत गर्नुभयो । सञ्चालक समितिका अध्यक्षज्यूले निर्वाचन कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा निर्वाचन अधिकृतलाई सम्मान स्वरूप प्रमाणपत्र समेत प्रदान गर्नुभयो ।

**(ख) विशेष प्रस्ताव तर्फ :**

**१. बैंकको नियमावलीको नियम ३१(२) र ३१(४) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।**

बैंकको नियमावलीको नियम ३१(२) र ३१(४) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरू तपशील बमोजिम सर्वसम्मतिबाट पारित गर्‍यो:

नियमावलीको संशोधन :

◎ नियमावलीको नियम ३१(२)लाई देहाय बमोजिम संशोधन गर्ने :

सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत प्रति बैठक अध्यक्षलाई रू.३०,०००/- तथा अन्य सञ्चालकहरूलाई रू.२५,०००/- प्रदान गरिनेछ ।

अन्य उपसमितिको बैठकमा उपस्थित भए बापत समेत उपसमितिको संयोजक तथा सञ्चालक सदस्यलाई सोही अनुसारको भत्ता प्रदान गरिनेछ ।

स्पष्टीकरण:

सञ्चालकको स्थायी ठेगानाका आधारमा सञ्चालकहरूलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात् भारतीय रूपयाँ वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

◎ नियमावलीको नियम ३१(४)लाई देहाय बमोजिम संशोधन गर्ने :

सञ्चालकहरूलाई पत्रपत्रिका तथा सञ्चार सुविधा भत्ता बापत मासिक रू.२५,०००।-(करपछि, यदि कर लाग्ने भएमा) प्रदान गरिनेछ ।

स्पष्टीकरण:

सञ्चालकको स्थायी ठेगानाका आधारमा सञ्चालकहरूलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात भारतीय रूपयाँ वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

साथै उपर्युक्त बमोजिम प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकाय(हरू) बाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक

समायोजन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गर्‍यो ।

२. **नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. **आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च रू.५,०४,२८,९६९।- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।**

आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च रू.५,०४,२८,९६९।- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को

प्रयोजनका लागि अनुमोदन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृति प्रदान गऱ्यो ।

(ग) **विविध :**

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

**१४. धन्यवाद ज्ञापन :**

सभामा छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरू सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा आजको ४०औं वार्षिक साधारणसभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरू, लेखापरीक्षक, निर्वाचन अधिकृत, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरू, नियमनकारी निकायहरू लगायत यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा विसर्जन**

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउँसो ०२:०० बजे ४०औं साधारणसभा विसर्जन गर्नुभयो ।

----------------------------

विश्वप्रकाश पौडेल
(कम्पनी सचिव)

----------------------------

उपेन्द्र प्रसाद पौडेल
(अध्यक्ष)